# GHALEMDI HYDRO LIMITED

Co. Reg. # 118415

च.नं. : ३०/०७९/०८०

मिति : २०७९/०९/१०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरवार प्लाजा, काठमाण्डौ ।

विषय : **हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव सम्वन्धमा ।**

महोदय ,

उपरोक्त विषयमा यस घलेम्दी हाईड्रो लिमिटेडको मिति २०७९ साल पौष ८ गते दिउसो ४:०० वजे वसेको संचालक समितिको बैठक नं. ००३ ले **"सांग्रिला उर्जा प्रा.लि. द्धारा प्रवद्धित संखुवासभामा रहेको छुजुङ्ग खोला जलविद्युत आयोजना (६३ मे.वा ,४ घण्टा PRoR ) मा यस कम्पनीको कम्तिमा ५१ प्रतिशत शेयर कायम हुने गरि लगानी गर्न १:२ हकप्रद शेयर निष्कासनको प्रस्ताव अनुमतिको लागि तोके बमोजिमका कागजातहरुका साथ विद्युत नियमन आयोग समक्ष दरखास्त निवेदन दिने र अनुमति प्राप्त भए पश्चात आगामी साधारण सभाबाट अनुमोदन गराउने "** निर्णय भएको हुँदा उक्त संचालक समितिको निर्णयको प्रति यसै पत्रका साथ संलग्न गरी जानकारीको लागि अनुरोध गर्दछौ ।

भवदिय,

GHALEMDI HYDRO LTD

अनिल पौडेल

कम्पनी सचिव

पुनश्च :

विद्युत नियमन आयोगवाट स्विकृत भएपश्चात आगामी साधारण सभाबाट पास गराई नेपाल धितोपत्र वोर्डले स्विकृत दिएपछि मात्र प्रस्तावित हकप्रद शेयर निष्कासन हुनेछ ।

CORPORATE OFFICE: PROJECT OFFICE:

GHALEMDI HYDRO LTD

यस घलेम्दी हाईड्रो लिमिटेडको संचालक समितिको बैठक यस लिमिटेडका अध्यक्ष श्री किशोर सुवेदी ज्यूको अध्यक्षतामा देहाएको मिति स्थान र समयमा बसि तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निम्न अनुसारका निर्णयहरु गरियो ।

मिती :- २०७९ साल पौष ०८ गते (समय :- दिउसो ४:०० बजे)
स्थान :- कम्पनीको रजिष्टर्ड कार्यालय
बैंठक नं. :- ००३

**उपस्थिती :**

| नाम | पद | दस्तखत |
|---|---|---|
| १. किशोर सुवेदी | अध्यक्ष | |
| २. प्रमोद श्रेष्ठ | संचालक | |
| ३. नारायणबाबु अधिकारी | संचालक | |
| ४. टंक प्रसाद बरुवाल | संचालक | |
| ५. उत्तम प्रसाद बैद्य | संचालक | |
| ६. शरदराज श्रेष्ठ | संचालक (स्वतन्त्र) | |
| ७. मनिषा प्रधान | संचालक (सर्वसाधरण) | |
| ८. राजु कुमार शर्मा | संचालक (सर्वसाधरण) | |

**छलफल गरिएका बिषयहरु :**

१) कम्पनीको हकप्रद सेयर निष्काशन सम्वन्धमा ।
२) विविध ।

## निर्णय नं. १

छलफल नं. १ को विषयमा यस घलेम्दी हाईड्रो लिमिटेडले अन्नपूर्ण गाउपालिका ४ स्थित घलेम्दी खोलामा ५ मेगावाट क्षमताको घलेम्दीखोला जलविद्युत आयोजना सफलतापूर्वक सम्पन्न गरेको छ । हाल यस्तै प्रकारका आयोजनामा लगानि गरि यस कम्पनीलाई निरन्तर क्रियासिल गराउने विषयमा अन्य आयोजनाको खोजिकार्य भैरहेकोमा, सांग्रिला उर्जा प्रा.लि. द्वारा प्रवर्द्धित संखुवासभामा रहेको छुजुङ्ग खोला जलविद्युत आयोजना (६३ मे.वा) ४ घण्टा PRoR मा चल्ने यो आयोजना अध्ययन गर्दा लगानिका हिसावले अत्यन्तै लाभदायक देखिएको छ । यसै विषयमा संचालक समितिमा व्यापक छलफल गर्दा यस कम्पनीको कम्तिमा ५१ प्रतिशत शेयर कायम हुने गरि लगानी गर्न १:२ हकप्रद शेयर निष्कासनको प्रस्ताव अनुमतिको लागि तोके बमोजिमका कागजातहरुका साथ विद्युत नियमन आयोग समक्ष दरखास्त निवेदन पेश गर्ने र अनुमति प्राप्त भए पश्चात आगामी साधारण सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

## निर्णय नं. २

आजको बैठकमा अन्य छलफलका विषयहरु केही नभएको हुँदा यस संचालक समितिको बैठक सम्पन्न गर्ने निर्णय गरियो ।